DNET Meeting

आज मिति २०६८ साल असार १७ गतेका दिन जिल्ला उर्जा सञ्जाल (DENET) का अध्यक्ष एवं धादिङ्ग जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी श्री दिपेन्द्र राज पौडेलज्यूको अध्यक्षतामा यस जिल्ला उर्जा सञ्जालको वैठक बसी देहायको निर्णयहरु गरियो ।

निर्णयहरु :

निर्णय नं. १

जिविस महासंघ नेपालको उर्जा शाखा र जिल्ला उर्जा सञ्जालको प्रगति विवरण प्रस्तुत भयो साथै उर्जा तथा वातावरण सम्बन्धी विभिन्न मुद्दाहरुका विषयमा छलफल गरियो ।

निर्णय नं. २

लघु जलविद्युत र नवीकरणीय उर्जा विकास सम्बन्धमा छलफल गर्न एक राष्ट्रिय भेला आगामी २०६८ भाद्र महिना भित्रमा काठमाण्डौंमा आयोजना गर्ने र सो कार्यका लागि सहयोग गर्न LDTA, UNICEF र AEPC लाई अनुरोध गर्ने निर्णय भयो ।

निर्णय नं. ३

उर्जा तथा वातावरणको क्षेत्रमा आगामी २०६७/०६८ मा जिविस महासंघ नेपालले गर्नसक्ने कार्यक्रम तयार गरी वैकल्पिक उर्जा प्रवर्धन केन्द्रका कार्यकारी निर्देशकसँग भेट गर्ने र त्यसपछि वातावरण र उर्जा मन्त्रालयका मन्त्री तथा सचिवहरुसँग भेट गरी महासंघको भूमिका राष्ट्रि नीतिमा उल्लेख गर्न अनुरोध गर्ने निर्णय भयो ।

निर्णय नं. ४

उर्जा तथा वातावरणको क्षेत्रमा उत्कृष्ट काम गर्ने जिविसहरुलाई पुरस्कृत गर्ने काम नियमित गर्ने निर्णय गरियो । साथै यसवर्ष पुरस्कृत भएका जिविसहरुलाई आगामी भाद्र महिनामा आयोजना गरिने राष्ट्रिय भेलामा पुरस्कृत गर्ने निर्णय भयो ।

निर्णय नं. ५

ESAP को Steering समितिमा डिनेटका अध्यक्ष र स्थानीय विकास अधिकारी समाजका अध्यक्षलाई पदेन सदस्य राख्ने व्यवस्था गर्न अनुरोध गर्ने निर्णय भयो ।

निर्णय नं. ६

सामुदायिक विद्युतीकरण कार्यक्रम तर्फ समुदायबाट २०% रकमको व्यवस्था गरेपछि प्राधिकरणले ८०% रकम उपभोक्ता समितिको खातामा निकासा गरी उपभोक्ता समितिले विद्युतीकरण गर्नका लागि

आवश्यक व्यवस्था गर्न पाउने गरी व्यवस्था गर्न उर्जा मन्त्रालय तथा नेपाल विद्युत प्राधिकरणमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

उर्जा तथा वातावरण शाखालाई जिविसमा आन्तरिकीकरण गर्ने विषयलाई नियमित रुपमा पैरवी र वकालतीको काम गर्ने निर्णय गरियो ।